मुक्तिनाथ दर्पण

अर्धवार्षिक बुलेटिन

२०८२ आषाढ । वर्ष १३ । अंक २ (डिजिटल अंक)

यस भित्र...

बैंकको पूर्व अध्यक्षको विदाई र नयाँ अध्यक्षको स्वागत...

यस भित्र...

शिक्षामा मुक्तिनाथ विकास बैंकको प्रेरणादायी कदम: उज्वल भविष्यको मार्गचित्र कोर्दै

यस भित्र...

मुक्तिनाथ विकास बैंकको मोबाइल एपमा "फाइदै फाइदा": एपबाटै सबै बैंकिङ्ग सुविधा

UNTOLD STORIES

नम्रता श्रेष्ठ
प्रमुख रुपान्तरण अधिकृत, नारायणगढ

निरन्तर सिकिरहनुहोस्, आत्मविश्वास राख्नुहोस् र हर कुरामा नेतृत्व लिन नहिचकिचाउनुहोस्। पेशागत सम्बन्ध बिस्तार गर्नुहोस्, सहकर्मी र अग्रजबाट सिक्नुहोस् साथै आफूमा विश्वास गर्न नछाड्नुहोस्।

बाँकी पृष्ठ ९ मा...

शर्मिला लम्साल
प्रमुख - साना ऋण विभाग

सपना देख्न नडराउनुहोस्। नेतृत्वको आकांक्षा राख्न नहिचकिचाउनुहोस्। महिला हुनु कमजोरी होइन, यो त शक्ति हो।

बाँकी पृष्ठ ११ मा...

मलिना श्रेष्ठ
प्रमुख रुपान्तरण अधिकृत, काठमाडौं

चुनौतीहरूलाई अँगाल्न नहिचकिचाउनुहोस्, जिज्ञासु रहनुहोस् र आफ्नो समुदायको सेवा गर्न तत्पर रहनुहोस्।

बाँकी पृष्ठ १४ मा...

AWARD & RECOGNITION

Muktinath Bikas Bank was awarded with the 9th NewBiz Conclave & Business Excellence Awards as "BEST MANAGED DEVELOPMENT BANK OF THE YEAR 2025."

Editorial Advisor: Mr. Govinda Bahadur Raut | *Editorial Management:* Marketing, Branding & Corporate Affairs

मोबाइल एक, फाइदा अनेक...

मुक्तिनाथ विकास बैंकको मोबाइल एपमा ‘फाइदै फाइदा’ : एपबाटै सबै बैंकिङ्ग सुविधा

बैंकिङ्ग सुविधाका लागि घण्टौँसम्म लाइन बस्ने युगको अन्त्य भइसकेको छ। नेपालको बैंकिङ्ग प्रणालीमा डिजिटल बैंकिङ्गको प्रवेश सँगै ग्राहकहरुको सुविधालाई मध्यजनर गर्दै बैंकहरुले नविनतम सुविधाहरु प्रदान गर्दै आइरहेका छन्। यस सँगै “आज मेरो बैंकमा काम छ भनेर छुट्टै समय छुट्याउनु पर्ने” अवस्था लगभग हटिसकेको सन्दर्भमा मुक्तिनाथ विकास बैंकले प्रतिस्पर्धात्मक बैंकिङ्गलाई आत्मसाथ गर्दै ग्राहकलाई फाइदै फाइदा हुने गरी थप परिस्कृत मोबाइल एप सञ्चालनमा ल्याएको छ।

विकास बैंकहरु मध्ये छुट्टै चिनारी बनाइसकेको मुक्तिनाथ विकास बैंकले जुनसुकै सेवा र सुविधा दिन सक्ने क्षमता बनाइसकेको छ। कृषकदेखि लिएर व्यवसायीहरुलाई समेत समेटेर डिजिटल सेवामा जोड दिइरहेको छ। यसै प्रयास अन्तर्गत मुक्तिनाथले विकास बैंकले सञ्चालनमा ल्याएको मोबाइल एपलाई “फाइदै फाइदा” भनेको हो। यस FAIDA “फाइदा” शब्दलाई बैंकले विशिष्ट रुपमा परिभाषित गरेको छ - F = Financial, A = Access, I = In, D = Digital, A = Applications । यसको अर्थ मोबाइल एप मार्फत ग्राहकले बैंकिङ्ग कारोबारको सम्पूर्ण पहूँच डिजिटल माध्यमबाट सहजै प्राप्त गर्न सकुन भन्ने हो।

बैंकले ७ वर्ष अगाडि संचालनमा ल्याएको एपमा ग्राहकहरुको आवश्यकता अनुसार थप सेवाहरु समावेश गर्दै लगेको हो। डिजिटल प्रणालीबाट वित्तीय पहूँचको अभियानलाई टेवा पुऱ्याउन ल्याइएको यस सेवा मोबाइल तथा वेवसाइट मार्फत पनि प्रयोग गर्न सकिन्छ। यस प्लेटफर्मको उपयोग गरेर बैंकका ग्राहकहरुले घर तथा कार्यालयमै बसेर विभिन्न बैंकिङ्ग सेवा सुविधाहरु अनलाइनबाट लिन सक्नेछन्। ग्राहकहरुलाई चलाउन र बुझ्न सजिलो होस् भनी नेपाली र अंग्रेजी दुबै भाषालाई समावेश गरेर तयार गरिएको छ। प्रयोग सहजताको लागि अन्य स्थानीय भाषाहरुलाई पनि बिस्तारै समेट्ने सोच रहेको छ ।



सम्पूर्ण बैंकिङ्ग सेवा मोबाइल एपमै उपलब्ध

बैंकले ग्राहकको आवश्यकता र सहजतालाई ध्यानमा राख्दै मोबाइल एप समय-समयमा अपग्रेड गर्दै आएको छ। एटिएम कार्ड नवीकरण, अपोइन्टमेन्ट लिन, रेमिट्यान्स डिपोजिट, प्रोडक्टको जानकारी, बैदेशिक मुद्रादरको जानकारी, ब्याजदरको जानकारी, आम्दानी र खर्चको ग्राफ, टपअप, विभिन्न क्षेत्रमा भुक्तानी लगायतका धेरै सुविधाहरु यस एपमा समावेश गरिएको छ। फाईदा एपमा निम्न विशेषताहरु रहेको छन्।

१) वेब लगइनको सुविधा

मोबाइल एप चलाउँदा चलाउँदै कहिले काँही मोबाइलको ब्याट्रि सकिएर अथवा कुनै कारणले चलाउन नसक्ने अवस्था आउन सक्छ। यस्तो अवस्थामा प्रयोगकर्ताहरुले ल्यापटप तथा कम्प्युटर मार्फत वेव बेसमा पनि लगइन गरेर सुरक्षित रुपमा कारोबार गर्न सकिन्छ। मोबाइलमा समस्या आएमा ग्राहकले एउटै प्रयोगकर्ता विवरणबाट डेस्कटप वा ल्यापटप मार्फत वेबमा सुरक्षित तरिकाले लगइन गरी सेवा लिन सकिन्छ। वेवबाट कारोबार गर्दा कारोबारको सीमा पनि बढी हुने भएकोले ग्राहकलाई लगातार सेवा प्रयोग गर्न सहज बनाएको छ।

२) खाता विवरण र स्टेटमेन्ट हेर्न मिल्ने

बैंकको एप खोल्ने वितीकै मिनी स्टेटमेन्ट हेर्ने सुविधा रहेको छ। त्यस्तै एकै ड्यासबोर्डमा बचत खाता, ऋण खाता जस्ता सम्बन्धित खाता जानकारीहरु हेर्न मिल्ने "अकाउन्ट ड्यासबोर्ड" छ। साथै आफ्नो कारोबारको स्टेटमेन्ट पनि हेर्न मिल्ने सुविधा रहेको छ ।

३) सुरक्षित

यूजर नाम तथा पासवर्डको साथमा फिङ्गरप्रिन्ट प्रयोग गरी लगइन र ट्रान्स्याक्सन पिनका लागि बायोमेट्रिक लगइन सुरक्षाको सुविधा रहेको हुँदा सुरक्षाका दृष्टिकोणबाट पनि बैंक एक कदम अगाडि छ। ग्राहकको सुरक्षालाई ध्यान दिँदै एपमा Activation, डिभाईस रिसेट तथा पासवर्ड रिसेट गर्ने बेलामा ग्राहकले मोबाईल बैकिङ्ग जुन सिमकार्डमा दर्ता गरेको छ सोही सिमबाट मात्र एसएमएस पठाई त्यही सिममा आएको OTP प्रयोग गरी सक्रिय गर्नेप्रणाली लागू गरिएको छ। यसले कारोबारलाई अझ सुरक्षित बनाएको छ ।

४) QR भुक्तानी

QR कोड स्क्यान गरेर विभिन्न व्यापारीक आउटलेटहरुमा भुक्तानी गर्ने सुविधा रहेको हुँदा बैंकिङ्ग कारोबारलाई सहज बनाएको छ।

५) मोबाइल टपअप र डेटा प्याक सुविधा

एपबाट टप-अप र डाटा प्याक लिन सकिने सजिलो सुविधा पनि रहेको छ। मोबाइल रिचार्ज तथा डेटा/भ्वाइस प्याक एपबाटै खरिद गर्न सकिने भएकाले मोबाइल टपअप नगरी एपबाटै सिधै प्याकेज लिन सकिने सुविधा छ।

६) बैंकमा नगइ ई-भौचर र कार्ड नवीकरण

यो एप प्रयोग गर्ने सेवाग्राहीहरुले बैंकमा गएर भौचर भर्नु पर्ने बाध्यता हटेको छ। अनलाइनबाटै यस्तो भौचर भरी शाखामा गई नगद जम्मा गर्न सकिन्छ। त्यस्तै, भिसा एटिएम कार्ड नवीकरण तथा ई-कमर्श सेवा Activate समेत एपमार्फत गर्न सकिने सुविधा उपलब्ध छ।

७) आधुनिक सुविधायुक्त टूलहरु

एपमा EMI क्याल्कुलेटर, फण्ड ट्रान्सफर इतिहास, मर्चेन्ट क्युआर वा वालेट भुक्तानी History हेर्न सकिने, मासिक आम्दानी/खर्चको तुलनात्मक ग्राफ, तथा नियमित भुक्तानी तालिका बनाउने सुविधा जस्ता आधुनिक टूलहरु छन्। यी सुविधाले प्रयोगकर्ताको वित्तीय योजना व्यवस्थापनमा सहयोग पुऱ्याउछ।

८) रेमिट्यान्स र मुद्दती बचत डिपोजिटको सरल सुविधा

यदि कसैले विदेशबाट रेमिट्यान्स पठाएका छन् भने सो कोड प्रयोग गरी मोबाइल एपमार्फत नै खातामा रकम जम्मा गर्न बैंकलाई अनुरोध गर्न सकिन्छ। यसको साथै आफ्नो खातामा भएको रकमबाट मुद्दती खाता खोल्न चाहाने ग्राहकले मुद्दती खाता सजिलै खोल्न सकिन्छ । यसका लागि ग्राहक बैंकमा जानु नपर्ने भएकोले समय र झन्झट दुवै घटेको छ।

९) बिल भुक्तानी र सरकारी राजस्व भुक्तानी

बिजुली, खानेपानी, इन्टरनेट, हवाई टिकट, स्कूल/कलेज, केवलकार,बस, बीमासेवा लगायतका नियमित बिल तथा ट्राफिक जरिवाना जस्ता सरकारी भुक्तानी पनि एपबाटै गर्न सकिन्छ।

१०) QR स्क्यान मार्फत अन्य बैंकको ग्राहकले नगद झिक्न पाउने

कहिलेकाँही हातमा एटिएम हुँदैन त्यस्तै आफ्नो खाता भएको बैंकको शाखा आफ्नो नजिकमा पनि हुँदैन तर नगद झिक्नु पर्ने अवस्था भएमा मुक्तिनाथ बैंकको काउन्टरबाट पैसा झिक्न सकिन्छ। बैंकले यस्तो सुविधा हाललाई कमलादी, लाजिम्पाट, नागढुङ्गा, इटहरी, कोहलपुर र नारायणगढ शाखाबाट प्रदान गर्दै आइरहेको छ भने बिस्तारै अन्य सबै शाखाहरुबाट यो सुविधा उपलब्ध हुने छ ।

११) आफैले पासवर्ड परिवर्तन गर्न सहयोग लिन सकिने

बैंकको मोवाईल एप प्रयोग गर्ने सेवाग्राहीले मोवाईल बैकिङ्ग Activate गर्न तथा पासवर्ड भूलेर नयाँ पासवर्ड बनाउनको लागि कुनै समस्या भएमा सहयोग खण्डमा भएको भिडियो हेरी आफैले परिर्वतन गर्न सकिने व्यवस्था गरेको छ ।

१२) रकम ट्रान्सफर सम्बन्धी सुविधा

बैंकको एप प्रयोग गर्ने ग्राहकहरुले मुक्तिनाथ बैंकमा खाता भएको ग्राहक वा अन्य बैंकमा खाता भएको ग्राहकलाई सजिलै रकम ट्रान्सफर गर्न सक्ने छन् ।

मुक्तिनाथको "फाइदै फाइदा" पुऱ्याउने मोबाइल एपले बैंकिङ्लाई नयाँ उचाइमा पुऱ्याएको छ। यो एप ग्राहकमैत्री, सुरक्षित, सुविधासम्पन्न र पूर्ण डिजिटल पहुँच दिने माध्यम बन्न पुगेको छ। बैंकले आगामी दिनमा यसलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता गर्दछ।

As we bid a heartfelt farewell to our esteemed former Chairman, Mr. Bharat Raj Dhakal , we extend our deepest gratitude for the visionary leadership, unwavering dedication, and remarkable contributions that have guided our Bank through many milestones. Under your stewardship, we have witnessed profound growth, innovation, and resilience, always grounded in strong values and a commitment to excellence. Your guidance has not only strengthened the institution but also inspired every individual within it. We thank you for your exceptional service and wish you continued success and fulfillment in your future endeavors.

At the same time, we welcomed our new Chairman, Mr. Khim Prakash Malla to this pivotal role, with great optimism for the journey ahead. We believe your wealth of experience, dynamic perspective, and commitment to progressive banking will usher in a new chapter of continued success and transformation for the Bank. As we embrace the future together, we look forward to building on our strong foundation and achieving new heights under your guidance. Welcome onboard, and may this new leadership be marked by growth, integrity, and collective achievement.

शिक्षामा मुक्तिनाथ विकास बैंकको प्रेरणादायी कदम

उज्वल भविष्यको मार्गचित्र कोर्दै

शिक्षा भनेको विद्यालयको पाठशाला मात्र होइन, त्यो त सम्भावनाको खेती हो। मुक्तिनाथ विकास बैंकले बालबालिकाको आँखामा सपनाको बीउ रोप्ने मात्र होइन, त्यसलाई हुर्काउने मलजलको काम पनि गरिरहेको छ। बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा क्षेत्रलाई प्राथमिकता दिँदै गरेका कैयौं प्रेरणादायी पहलले बालबालिकाको उज्वल भविष्य निर्माणमा ठूलो मद्दत पुऱ्याउँदै आएको छ।

“शिक्षा परिवर्तनको मेरुदण्ड” भन्ने भावनालाई आत्मसाथ गर्दै बैंकले विगत केही वर्षदेखि शिक्षालाई आफ्नो सामाजिक उत्तरदायित्वको प्रमुख हिस्सा बनाएको छ। बैंकले संचालन गर्दै आएको “मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ती” कार्यक्रम तीन वर्षदेखि निरन्तर रुपमा जारी छ। यसै वर्ष मात्रै २१ जना विद्यार्थीले प्रत्यक्ष रुपमा छात्रवृत्ती पाएका छन् भने विभिन्न संघसंस्थासँगको सहकार्यमा अत्यन्तै विपन्न तथा आधारभूत आवश्यकताबाट वञ्चित विद्यार्थीहरुलाई अप्रत्यक्ष रुपमा समेत सहयोग गरेको छ।

विद्यालयमा नियमित उपस्थितिका लागि रचनात्मक सहयोग

मुक्तिनाथ विकास बैंकले “सोसल ल्याब नेपाल” सँगको सहकार्यमा ललितपुरको गोदावरी-६ स्थित श्री सरस्वती आधारभूत विद्यालयमा रचनात्मक कार्यक्रम संचालन गरिरहेको छ। कमजोर आर्थिक अवस्था र आधारभूत आवश्यकताको अभावले नियमित रुपमा विद्यालय आउन नसक्ने विद्यार्थीहरुलाई लक्षित गर्दै “टोकन सिस्टम” वास्तवमकै बैंकिङ्ग क्षेत्रको यो एउटा सर्वोत्कृष्ट कार्यक्रम हो।

यस कार्यक्रममा नियमित विद्यालय आउने, सुकिलो ड्रेस लगाउने, कक्षामा राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई टोकन प्रदान गरिन्छ। महिनाको अन्त्यमा सोही टोकनका आधारमा स्टेशनरी, झोला, खेलौना लगायत आवश्यक सामग्री खरिद गर्न सकिने “हाट बजार” संचालन गरिन्छ। जहाँ उनीहरुले आफूलाई मन पर्ने तथा आवश्यक सामाग्री खरिद गर्न सक्छन्। यदि आफ्नो टोकनले नपुग्ने रहेछ भने उनीहरुले त्यसका लागि अर्को महिना कुर्नु पर्छ ताकी टोकन जम्मा गरेर किन्न पाइयोस। सामान किनेर वा नकिनेर बाँकी रहेको टोकनलाई “टोकन बैंक” मा जम्मा गरेर भविष्यमा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ। जसले बालबालिकाहरुमा वित्तीय अनुशासन र योजनाबद्ध बचतको व्यवहार सिकाउँछ।

बैंकको यो पहलले सामान्यत: कक्षा ११/१२ माथिका विद्यार्थीलाई दिइने वित्तीय साक्षरताको ज्ञानको दायरालाई थप फराकिलो बनाउदै प्राथमिक तहदेखिकै बालबालिकाबाट सुरु गर्न सकिन्छ भन्ने उदाहरण बनेको छ। विद्यार्थीहरुले यसबाट कमाउने, बचत गर्ने र चाहिएको सामानको प्राथमिकतातय गर्ने बारे ज्ञान प्राप्त गरेका छन्। यसले उनीहरूको व्यवहारमा अनुशासन, जिम्मेवारी र नियमितता ल्याउन सिकाएको छ।

सिर्जनशील सहयोग

कयौं विपन्न विद्यार्थी अझै पनि स्कुल ड्रेस, झोला र जाडो महिनामा न्यानो कपडाविना विद्यालय जान बाध्य छन्। मुक्तिनाथ विकास बैंकले हालसम्म २५० भन्दा बढी विद्यार्थीलाई स्कुल ड्रेस, झोला र ट्र्याकसुट वितरण गरिसकेको छ।

त्यस्तै डोटी जिल्लामा एक सरकारी विद्यालय भत्किएपछि जमिनमै बसेर पढिरहेका बालबालिकाको विषयमा सञ्चारमाध्यमबाट जानकारी पाएपछि, बैंकले विद्यालय प्रशासनसँग समन्वय गरेर ८७ जना विद्यार्थीलाई स्वीटर तथा न्यानो कपडा वितरण गऱ्यो। आजको सूचना प्रविधिको युगलाई आत्मसाथ गर्दै बैंकले गण्डकी प्रदेशका विभिन्न विद्यालयहरुमा कम्प्युटर सहयोग गरेको छ। जसले विद्यार्थीहरुलाई अध्ययन गर्न ठूलो मद्दत पुगेको छ।

वास्तविक लाभग्राहीको पहिचानमा विशेष ध्यान

सहयोग कार्य सुरु गर्नु अगाडि सम्बन्धित विद्यार्थीहरुको विस्तृत अध्ययन गरेर मात्र कार्यक्रम संचालन गर्ने बैंकको नीति छ, जसले सही व्यक्ति वा समूहसम्म सहयोग पुर्याउने सुनिश्चित गर्छ। त्यसै अनुसार, बैंकले ENABLE Nepal संस्थासँगको सहकार्यमा बालबालिकालाई कृतिम अंग प्रदान गर्दै उनीहरुको जीवनशैलीमा थप सहजता प्रदान गर्ने प्रयास गरेको छ।

मुक्तिनाथ विकास बैंकको पहल “सामाजिक उत्तरदायित्व” मात्र नभई “शिक्षाको उज्यालो अभियान” हो। बैंकले थालनी गरेको यस्ता कार्यक्रमले विद्यार्थीहरुको जीवनशैली, अध्ययनमा मनोबल, र भविष्यप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याइरहेको छ। यस्ता प्रेरणादायी अभियानहरुलाई अझ विस्तार गर्दै लैजाने प्रतिबद्धतासँगै, मुक्तिनाथ विकास बैंक शिक्षाको क्षेत्रमा योगदान दिने अग्रणी संस्था बन्ने दिशातर्फ दृढताका साथ अघि बढीरहेको छ।

Celebrating Milestones:

ANNIVERSARY HIGHLIGHTS

STEPPING IN 19 YEARS OF CONTINUOUS SERVICE

EMPOWERING WOMEN, LEADING CHANGE

LEADERSHIP IN MUKTINATH

नम्रता श्रेष्ठ
प्रमुख रुपान्तरण अधिकृत,
नारायणगढ

नम्रता श्रेष्ठको बैंकिङ्ग यात्रा लगभग १८ वर्ष अघि त्रिवेणी विकास बैंकबाट सुरु भएको हो। वित्त क्षेत्रमा आफ्नो करियरको सुरुवात गरेकी उहाँले पछि एनआईसी एशिया बैंक हुँदै हाल मुक्तिनाथ विकास बैंकको नारायणगढ क्षेत्रमा प्रमुख रुपान्तरण अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ । निरन्तर लगनशीलता, मेहनत र सकारात्मक सोचका कारण उहाँ संस्थाभित्र सम्मानित पदमा पुग्न सफल हुनु भएको छ । सहकर्मीलाई प्रोत्साहन दिने, टिमवर्कमा विश्वास गर्ने र ग्राहकलाई प्राथमिकतामा राख्ने उहाँको कार्यशैलीले शाखा व्यवसाय वृद्धिमा महत्त्वपूर्ण योगदान दिएको छ। उहाँको नेतृत्वदक्षता र समर्पणले उहाँलाई महिला कर्मचारीहरुका लागि प्रेरणाको स्रोत बनाएको छ।

१. तपाईलाई बैंकिङ्ग क्षेत्रमा प्रवेश गर्न प्रेरणा दिने मुख्य कारण के थियो?

म सानै देखि बुबालाई सघाउन बुबाको फार्मेशिको काउन्टरमा बस्थेँ। त्यहाँ मैले ग्राहकहरुसँग लेनदेन, बुबाको हिसाब मिलान र नगद व्यबस्थापनलाई नजिकबाट नियाल्दै गर्दा नजानिंदो तरिकाले वित्तीय क्षेत्रमा मनोभाव सिर्जना गरिसकेको थिए। मैले स्नातक तहमा उत्कृष्ट अंक ल्याई पास गरेर सबैकुराहरु समेटेको कुनै फराकिलो क्षेत्रमा आफूलाई स्थापित गर्ने योजना बनाउदै गर्दा टोल, छिमेक जतातै बैंकमा खाता खोल्ने, नगद जम्मा गर्ने लहर चलिरहेको थियो। नेपालको अर्थतन्त्र तथा वित्तीय क्षेत्रका विषयमा बारम्बार टि.भी, रेडीयो तथा पत्रपत्रीकामा चर्चा हुँदै गर्दा बिभिन्न वित्तीय क्षेत्रमा नेतृत्व गरिएका महिलाहरुको नेतृत्वबाट पनि प्रेरणा मिली मैले आफूलाई पनि यसै क्षेत्रमा स्थापित गर्ने सोच सहित सुरुको पाईला चाल्दै त्रिवेणी विकास बैंकबाट आफ्नो वित्तीय क्षेत्रको यात्रा सुरु गरेँ ।

२. पुरुषहरुको वर्चस्व रहेको स्थानमा तपाई कसरी नेतृत्व गर्नुहुन्छ?

कुनै संस्थासंग आवद्ध भैसकेपछि म आफू महिलामात्र नभई एक कर्मनिष्ठ कर्मचारी पनि हूँ । मेरो बिचारमा कुनै पनि क्षेत्रमा लैङ्गीक वर्चस्व हुदैन र नेतृत्व भनेको लैङ्गीक आधारमा हुने होईन। यो त नितान्त व्यक्तिको आफ्नो कर्मप्रतिको लगाब,उसको क्षमता, उसको व्यबस्थापनको कुशलता र उसले आफ्नो क्षेत्रबाट बटुलेका अनुभवलाई कसरी संस्था तथा त्यस संग आवद्ध सरोकारवालाहरुको हितमा प्रयोग गर्ने भन्ने कुरालाई कुनै ठोस आधारमा आफूलाई प्रमाणित गरेपछि पाउने जिम्मेवारी हो। महिला पुरुष नभनी नेतृत्व सधैँ अब्बल हुनुपर्छ भन्ने धारणा राखेर सधै स्वच्छ प्रतिष्पर्धि भावनाले भरिएको मान्छे म, मैले मेरो दक्षता प्रमाणित गरेँ र मैले एक कुशल व्यबस्थापकको रुपमा नेतृत्व गरेको छु ।

३. तपाईले अहिलेसम्म हासिल गर्नुभएको गर्व लाग्ने उपलब्धि के के हुन्?

ब्यक्तिगत बिचारलाई छाडी, सामाजिक हिसाबमा भन्नुपर्दा मेरो सबैभन्दा ठूलो उपलब्धि र मलाई गर्व लाग्ने भनेकै महिला सशक्तिकरणलाई वित्तीय क्षेत्रमार्फत अघि बढाउन सफल हुनु हो। मैले वित्तीय क्षेत्रमा पाईला चाल्दै गर्दा यस क्षेत्रको नेतृत्व तहमा महिलाहरुको संख्या पुरुषको तुलनामा एकदमै न्यून थियो। अहिले देश विदेशका ठूला ठूला संस्थाहरुको नेतृत्व तहमा महिलाहरु हुँदा र आफूलाई पनि एक कुशल नेतृको रुपमा अरुले यस स्थानमा देख्दा महिलाले पनि गर्न सक्छन् भनेर अरुकोलागि उदाहरणिय प्रेरणाको स्रोत बन्न सकेकोमा एकदमै खुशी लाग्छ ।

४. ब्यक्तिगत/संस्थागत जीवन र नेतृत्व भूमिका बीच सन्तुलन तपाई कसरी कायम गर्नुहुन्छ?

ब्यक्तिगत र संस्थागत जीवनका बीचमा एउटा समय सीमा निर्धारित छ, म त्यसै अनुसार नै चल्दै आएको छु । एकतर्फ तीनवटा सन्तान, श्रीमान, सासू सहितको पारिवारिक जिम्मेवारी र अर्कोतर्फ बाह्रवटा शाखा व्यबस्थापनको संस्थागत जिम्मेवारीलाई सहजरुपमा अघि बढाउन मेरा ब्यक्तिगत र संस्थागत दुबै परिवारको उत्तिकै सहयोगले पनि धेरै सहज बनाएको छ। कहिलेकाँहि कुनै एकका लागि समय बढी छुट्याउन पर्दा कुन कुरा बढी महत्वपूर्ण छ र मेरो अनुपस्थितिमा त्यो ठाउँमा कस्तो असर पार्छ भनी आफैलाई प्रश्न गरी सोही अनुसार ब्यक्तिगत जीवन र संस्थागत भूमिका बीच सन्तुलन कायम गर्दै आएको छु।

५. यस क्षेत्रभित्र स्थापित हुन चाहने यूवतीहरुलाई तपाईको सुझाव के छ?

म आफूले यस क्षेत्रमा कर्मनिष्ठ भई योगदान गरेको १८ वर्षसम्म आईपुग्दा सिकेको सबैभन्दा ठूलो कुरा धैर्यता हो। वित्तीय क्षेत्र धेरै फराकिलो र उतारचढाव हुने क्षेत्र हो। यहाँ आतिएर, हडबडिमा सफल हुन धेरै गाह्रो छ। मैले आफूलाई "सधै उत्कृष्ट" ठान्दै र "म सक्छु" भन्ने दृढ संकल्प राखेर धैर्य सहित हरेक अवरोध र चुनौतीहरुको सामना गर्दै आज यस क्षेत्रमा स्थापित हुन सकेको छु। भर्खर आफ्नो भविष्य खोज्दै पाईला चालेका युवतीहरुमा हामीमा भन्दा बढी जोश, जाँगर संयमता र धैयर्ता हुन जरुरी छ। अझ महिलाहरु प्राय: आफूलाई दिईएको जिम्मेवारीहरुलाई पुरा गर्न पर्छ भन्ने कुरा घर,परिवार र समाजबाट अभ्यास गरीसकेका हुन्छन् । निरन्तर सिकिरहनुहोस्, आत्मविश्वास राख्नुहोस् र हर कुरामा नेतृत्व लिन नहिचकिचाउनुहोस्। पेशागत सम्बन्ध बिस्तार गर्नुहोस्, सहकर्मी र अग्रजबाट सिक्नुहोस् साथै आफूमा विश्वास गर्न नछाड्नुहोस्। कडा परिश्रम, ईमानदारिता, लक्ष्यप्राप्तिमा दृढता र धैर्यताले नै तपाईलाई यस क्षेत्रमा सफल र स्थापित गराउनेछ ।

शर्मिला लम्साल
प्रमुख - साना कर्जा विभाग

करिब दुई दशक देखि बैंकिङ्ग क्षेत्रमा सक्रिय रहँदै आएकी **शर्मिला लम्साल** आज एक अनुभवी, दक्ष र प्रेरणादायी महिला नेतृको रुपमा परिचित हुनुहुन्छ । आफ्नो पेशागत यात्रामा उहाँले मुक्तिनाथ विकास बैंकको शाखा प्रमुख, तालिम तथा विकास प्रमुख, मानव संसाधन विकास विभाग प्रमुख साथै अनुगमन विभाग प्रमुखका रुपमा महत्वपूर्ण जिम्मेवारीहरु वहन गर्नुभएको छ। हाल उहाँ साना कर्जा विभागको प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ । सेवाप्रति समर्पण, इमान्दारिता र प्रभावशाली नेतृत्व क्षमताका कारण उहाँ सहकर्मीहरु माझ आत्मविश्वास र प्रेरणाको प्रतीक बन्न सफल हुनु भएको छ। लम्सालले आफ्नो अनुभव, प्रतिबद्धता र दूरदृष्टिलाई संस्थागत विकाससँग जोड्दै बैंकिङ्ग सेवाको पहूँच विस्तार र गुणस्तर सुधारमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनु भएको छ । उहाँको पेशागत यात्राले महिला सशक्तीकरणको मार्गमा प्रेरणा प्रदान गर्दछ ।

१. तपाइलाई बैंकिङ्ग क्षेत्रमा प्रवेश गर्न प्रेरणा दिने मुख्य कारण के थियो ?

"यात्रा जति नै कठिन भए पनि गन्तव्य सुन्दर छ भन्ने विश्वास भयो भने उत्प्रेरणा आफै आउँछ"

आज भन्दा २५ वर्ष अगाडि मेरो पेशागत जीवनको प्रारम्भीक कालखण्डमा म विभिन्न सरकारी तथा गैर सरकारी निकायको सामाजिक विकास परियोजनामा संलग्न थिए । त्यसमा विशेषत: महिलाहरुको स्वास्थ्य, शिक्षा र स्वावलम्वनको विषयमा केन्द्रीत कार्यहरु थिए । स्याङ्गजा जिल्लाको तत्कालिन ६२ वटा गाउँ विकास समितिका महिला तथा युवाहरुलाई लक्षित काम गर्दा मैले एउटा कठोर यर्थाथ अनुभव गरे । उनीहरुसंग क्षमता थियो, संकल्प थियो, मेहनत गर्ने साहस पनि थियो । तर तिनका सपनाहरु पुरा गर्न आर्थिक स्रोत थिएनन् । महिलाहरुको प्रतिभा, सिर्जनशीलता र आत्मनिर्भरता निर्माणका लागि कुनै आर्थिक माध्यम चाहिन्छ भन्ने अनुभव भयो । त्यसैवेला नेपालमा लघुवित्त कार्यक्रमको अवधारणाले मलाई गहिरो रुपमा छोयो । लघुवित्त केवल सानो ऋणको कारोबार मात्र होइन, यो त महिलाहरुको आत्मविश्वास बढाउने, निर्णय प्रक्रियामा सहभागी गराउने र उनीहरुको जीवनमा साँचो अर्थमा परिवर्तन ल्याउने एउटा शक्तिशाली औजार हो भन्ने राम्रोसँग बुझे । मैले महशुस गरे यदि म यस क्षेत्रमा पूर्ण समर्पणका साथ लागें भने मैले केही व्यक्तिहरुको मात्र होइन, हजारौं महिलाहरुको भविष्य निर्माणमा योगदान दिन सक्छु ।

त्यसपछि मैले आफ्नो जीवनलाई वित्तीय क्षेत्र मार्फत महिलाहरुको सामाजिक, आर्थिक सशक्तिकरणमा समर्पित गर्ने निर्णय गरें र तत्कालिन रोयल कोअपरेटिभ सोसाइटी लिमिटेड स्याङ्गजाबाट २०६१ साल देखि मेरो वित्तीय क्षेत्रमा पेशागत जीवनको सुरुवात भयो । जतिवेला मेरो शैक्षिक योग्यता, त्यतिवेला फलामे ढोकाको रुपमा मानिने एस.एल.सी. भर्खरै मात्र पास भएको अवस्था थियो भने पारिवारीक जिम्मेवारीमा म एक छोराको आमा भैसकेकी थिएँ । वित्तीय क्षेत्रमा प्रवेश गर्ने मेरो मूल प्रेरणा भनेको नै महिलाहरुलाई आर्थिक अनुशासन र समाजमा समावेशी वित्तीय पहूँच पुर्‍याउने नै मुख्य प्रेरणाको स्रोत रहेको छ ।

"आज २० वर्ष पछि फर्केर हेर्दा लाग्छ, त्यो निर्णय सही मात्र होइन, जीवन बदल्ने निर्णय थियो ।"

२. पुरुषहरुको वर्चस्व रहेको स्थानमा तपाई कसरी नेतृत्व गरीरहनु भएको छ ?

"यदि तपाईले संस्थालाई दीगो र उत्कृष्ट बनाउन चाहनुहुन्छ भने, नेतृत्वकर्ता प्रभावशाली र परिणाममुखी हुनै पर्छ।"

बैंक तथा वित्तीय क्षेत्र विशेषत व्यवस्थापन तहमा अझै पनि पुरुषहरुको वर्चस्व रहेको क्षेत्र हो । मैले काम गरेको बैंक आफैमा अन्य बैंकहरु भन्दा फरक र ग्राहकमुखी सेवामा विश्वास गर्ने बैंक हो ।
वित्तीय संस्थाहरु नाफामुखी मात्र होइन सेवामुखी पनि हुनु पर्दछ । "जनता बैंकमा होइन, बैंक जनतामा जानुपर्दछ" भन्ने मूल ध्येयका साथ नेपालको वित्तीय क्षेत्रमा ग्रामीण बैंकिङ्, आधुनिक बैंकिङ् र लघुवित्त एकैपटक सञ्चालन गर्ने मुक्तिनाथ विकास बैंकको ग्राहकको घरदैलोमा पुगेर वित्तीय सेवा प्रदान गर्ने कार्य आफैमा चुनौतीपूर्ण थियो । ग्रामीण क्षेत्रका दुर दराजमा बसोबास गर्ने व्यक्तिहरुलाई उनीहरुको घरदैलोमा पुगेर, सामूहिक रुपमा बैंकिङ् सेवा प्रदान गर्ने, विषेशगरी कम आय भएका महिलाहरुलाई लक्षित गरी वित्तीय सेवा प्रदान गर्ने कार्य चुनौती नै थियो । तिनै चुनौतीहरुलाई पनि चुनौती दिदै संस्थाको लक्ष्य प्रति अडिग रहेर काम गरें । मैले सधै आफ्नो जिम्मेवारीमा "ईमान्दारी र परिणाम" मार्फत विश्वास कमाएको छु । निष्पक्ष निर्णय, टिमको सहभागिता, स्पष्ट संवाद र सबैको सम्मान गर्ने संस्कारलाई म नेतृत्वको मूल आधार मान्छु । पुरुष कर्मचारीहरुले बैंकलाई जति योगदान दिनुभएको छ त्यो योगदान भन्दा कम मेरो पनि छैन । मलाई विश्वास छ, कामको गुणस्तर, नतिजा, र मूल्य प्रणाली नेतृत्वको आधार हुन्, लिंग होइन । मैले जुन सुकै जिम्मेवारी सम्हाले पनि पारदर्शिता, इमान्दारीता र निष्पक्षताको मूल्यमा कुनै सम्झौता गरेको छैन । मैले कहिल्यै म **"महिला भएकी कारण"** होइन म **"सक्षम भएकी कारण"** नेतृत्व गर्ने अवसर पाएकी छु । टिम व्यवस्थापनमा मैले पारिवारीक वातावरण सिर्जना गरेको छु, जहाँ हरेक कर्मचारीको आवाज सुनिन्छ । निर्णय प्रक्रियामा महिला र पुरुष दुवैको बराबरी सहभागीता सुनिश्चित भएको छ । आज म जुन स्थानमा छु, त्यो संघर्ष, धैर्यता र कार्यकुशलताको परिणाम हो भन्ने लाग्छ । नेतृत्व भनेको प्रेरणा दिन सक्ने, समान अवसर दिन सक्ने र संस्थालाई समाबेशी बनाउने प्रक्रिया हो भन्ने म गहिरो रुपमा मान्दछु ।

३. तपाईंले अहिलेसम्म हासिल गर्नुभएको गर्व लाग्ने उपलब्धीहरु के के छन् ?

मेरो पेशागत यात्रा वित्तीय क्षेत्रमा करिब २० वर्ष र सामुदायिक विकास क्षेत्रमा ५ वर्ष गरी जम्मा २५ वर्षको अनुभवको दौरानमा हरेक मोडमा केही न केही उपलब्धिहरु साँक्षी बनेका छन् । **"महिलाहरुमा इच्छाशक्ति भएपछि विवाह र मातृत्वपछि पनि पारिवारिक जीवन, व्यक्तिगत करियर र अध्ययनसंगै संस्थागत जिम्मेवारीमा समेत असंख्य उपलब्धिहरु हासिल गर्न सक्छन् ।"** यसको ज्वलन्त उदाहरण त म नै हुँ ।शैक्षिक रुपमा समाजशास्त्र, ग्रामीण विकास र राजनीतिक शास्त्र गरी तीनवटा स्नातकोत्तर उपाधि प्राप्त गरेकी छु । कानूनमा समेत स्नातक उपाधि प्राप्त गरेकी छु । मेरो पेशागत दौरानमा मैले सीमान्तकृत समुदायहरुमा सकारात्मक प्रभाव पार्दै संस्थाको विकास प्रतिष्ठामा योगदान तथा दिगोपना, नयाँ र आशाजनक चुनौतीहरुलाई अवसरमा रुपान्तरण गरेको अनुभव समेत छ । ती उपलब्धीहरुले मेरो व्यक्तिगत आत्मसन्तुष्टिलाई मात्र होइन, समाज संस्था र महिलाहरुको सामूहिक प्रगतिमा सशक्त प्रभाव पारेका छन् ।

शाखा प्रमुखको रुपमा कार्यरत रहँदा आफ्नो मातहतको कर्मचारीहरुको दक्षता अभिबृद्धि गर्दै गुणस्तरीय व्यवसाय बृद्धि, एक परिवार, एक सफल उद्यमीको मर्मलाई आत्मसाथ गर्दै स्वस्थ प्रतिस्पर्धामा आफ्नो शाखालाई सबै सूचकमा अब्बल र उत्कृष्ट शाखाको रुपमा परिचित बनाउन सफल भएको क्षण आज पनि ताजा नै छ ।

केन्द्रीय कार्यालय तालिम तथा विकास विभाग प्रमुखको रुपमा कार्यरत रहँदा लागू गरिएका रणनीतिहरु विद्यार्थी, व्यवसायी, कृषक लक्षित तथा समुदायमा आधारीत वित्तीय साक्षरता कार्यक्रम, रेडियो कार्यक्रम, साना व्यवसायी तथा कृषकहरुको सफलताको कथाहरु संकलन तथा प्रकाशन, सडक नाटक, सामूहिक कार्यक्रमहरु आज संस्थागत भएका छन् । वार्षिक तालिम क्यालेण्डर तयार देखि कार्यान्वयन सम्म विविध उपलब्धीहरु, जलवायु परिवर्तन सम्बन्धी विभिन्न संघ संस्थाहरुसँग समन्वय गर्दै साना कृषकहरुको लागि विषेश ऋण योजना तयार गरी अन्य वित्तीय संस्थाहरुको भन्दा फरक सेवा प्रदान गर्दै संस्थाको ब्राण्डीङमा जनजनको विश्वास बढाएका पलहरु आज नीति नियमको रुपमा कार्वान्वयमा आएका छन् । नेपालमै पहिलो पटक लघुवित्तका सदस्यहरुको लागि मोवाइल एप निर्माण गरी ग्राहकहरुलाई डिजिटल बैंकिङ्मा परिचित बनाउनु करीव दुईलाख भन्दा बढी महिलाहरुलाई समावेशी बैकिङ् सेवाको पहुँचमा पुर्‍याउन प्रत्यक्ष योगदान रहेको कार्यलाई संस्थागत उल्लेख्य उपलब्धीको रुपमा लिइएको छ । कर्मचारी तथा ग्राहकहरुको संस्थाको सेवा प्रवाह तथा सुविधाहरुमा पृष्ठपोषण गर्नका निमित्त लिएका सर्वेक्षणले नीतिगत तहमा सकारात्मक प्रभाव पारेको छ । संस्थाले अन्तर्राष्ट्रिय रुपमा युरोपीयन माइक्रोफाइनान्स अवार्ड २०२० (European Microfinance Award 2020), एसएमइ फाइनान्स फोरम २०२१ (SME Finance Forum 2021), मा प्राप्त गरेको सम्मान, वित्तीय पहुँच नभएका तर केही गर्न उत्साहित रहेका ग्रामीण महिलाहरुका लागि सामाजिक तथा आर्थिक रुपमा सकारात्मक परिवर्तनका लागि योगदान दिएकै कारणले सम्मानित भएकोले यसलाई संस्थागत उपलब्धिको रुपमा लिन सकिन्छ ।

मानव संसाधन विभाग प्रमुखको रुपमा कार्यरत रहँदा संगठनको विकास, कर्मचारीहरुको क्षमता अभिबृद्धि, बजेट, पारदर्शि कार्य सम्पादन मूल्याङ्कन, कर्मचारीहरुको सन्तुष्टीमा केन्द्रीत नीति निर्माण लगायतका उल्लेखनीय कार्यहरु भएका छन् ।

हाल साना कर्जा विभाग प्रमुखको जिम्मेवारीमा रहँदै गर्दा संस्थाको ४० प्रतिशत पोर्टफोलीयोमा प्रत्यक्ष सहजीकरण, ग्राहकहरुलाई समावेशी वित्तीय सेवा दिने मोडलमा संसोधन, कर्मचारीहरुको उत्पादकत्वमा बृद्धि लगायतका असंख्य उपलब्धीहरु रहेका छन् । प्रत्येक उपलब्धीहरु एउटा सामूहिक प्रयासको परिणाम हुन् । जसको नेतृत्व गर्न पाउनु मेरा लागि गर्वको कुरा हो । यी सबै उपलब्धीहरुको आधारमा म आत्मविश्वासका साथ भन्न सक्छु : **"कसैले पनि एक रातमै सफलता प्राप्त गर्दैन, सफलता भनेको वर्षौको निरन्तर संघर्ष र परिश्रमको फल हो।"**

४. तपाई व्यक्तिगत जीवन र पेशागत भूमिका वीच सन्तुलन कसरी कायम गर्नुहुन्छ ?

व्यक्तिगत जीवन र पेशागत जीवनमा सन्तुलन गरी निरन्तरता दिन त्यो समय ज्यादै नै संघर्षमय रहेको थियो । मैले पेशा शुरुवात गर्दा म एक आमा पनि थिए, म विद्यार्थी पनि थिए । एक आमाले घर र बच्चाको जिम्मेवारी, एक पेशेवरले पेशाको जिम्मेवारी, एक विद्यार्थीले पढाइको जिम्मेवारी संगसंगै निर्वाह गर्दा चाप स्वभाविक रुपमा आउँदो रहेछ । **"जब उद्देश्य स्पष्ट हुन्छ, तब त्यो चापबाट पनि उत्प्रेरणा मिल्छ"** भने झैं पढाई, मातृत्व र करियर यो तीनै पक्षमा निरन्तरता राख्ने निधो गरे । प्राय: मेरा रातहरु बच्चाको स्याहार, सुसार र अध्ययन मै बित्दथे । विहानै ६ बजेदेखि केन्द्र बैठक, फिल्ड भिजीट, दिउँसो शाखाको नियमित कार्य र साँझ घरको कार्य अनि गृहकार्य, यस्ता दिनहरु नै मेरो जीवनका पृष्ठहरु हुन् । **"सन्तुलनको मूलमन्त्र थियो योजनावद्ध समय व्यवस्थापन, पारिवारीक समर्थन र आत्मअनुशासन।"** कहिलेकाँही चुनौतीपूर्ण समय आए र आउछन् पनि, तर सकारात्मक सोच, आत्मअनुशासन र परिवारको साथले मलाई सन्तुलन कायम गर्न सघाएको छ । मेरो श्रीमान् र परिवारका सदस्यहरुले मेरो संस्था प्रतिको जिम्मेवारी बुझेर मलाई सधैं साथ दिनुभएको छ । त्यो साथ नपाएको भए सायद म नेतृत्वमा पुग्न सक्दैनथे । साथै म मानसिक स्वास्थ्यलाई पनि उत्तिकै महत्व दिन्छु । किनकि सशक्त नेतृत्वको आधार आत्मवल पनि हो ।

५. प्रतिस्पर्धात्मक बैंकिङ्ग क्षेत्रमा स्थापित हुन चाहने युवतीहरुलाई तपाईको सुझावहरु के छ ?

जुनसुकै क्षेत्रमा आफ्नो भविष्य बनाउन चाहने व्यक्तिहरुले अवलम्वन गर्नै पर्ने कुरा भनेको धैर्यता हो । रातारात कुनै पनि सफलता हाम्रो अगाडी आउँदैन । बैंकिङ्ग क्षेत्रमा सफल हुन वित्त, लेखा, अर्थशास्त्र, व्यवस्थापन जस्ता विषयमा समेत राम्रो ज्ञान हुन आवश्यक हुन्छ । समयको पालना र नीतिनियमको पालना अत्यन्तै महत्वपूर्ण छ । निरन्तर प्रयास र सकारात्मक सोच झनै महत्वपूर्ण छ । आत्मविश्वास र नेतृत्व क्षमता हुनै पर्दछ ।

आफ्नो विचार स्पष्ट राख्न सक्ने, समस्या समाधानमा निर्णय लिन सक्ने, टिममा विश्वास राख्ने, ग्राहकहरुलाई प्रदान गर्ने सेवा नै सर्वोपरी राख्ने, बैंकिङ्ग नीतिहरु, नियमन, डिजीटल प्रविधि, र अन्तर्राष्ट्रिय वित्त प्रणालीको बारेमा पनि जानकारी लिने गर्नुपर्दछ । नेपालको बैंकिङ्ग क्षेत्र महिलाहरुको लागि संभावनाले भरिएको क्षेत्र हो । बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत कर्मचारीहरु मध्ये करीव ४० प्रतिशत भन्दा बढी महिला कर्मचारीहरु कार्यरत छन् । तर नेतृत्वदायी भूमिकामा महिलाहरुको उपस्थिति अत्यन्तै न्यून रहेको छ ।

यसका केही संस्थागत कारणहरु पनि छन् भने केही कर्मचारीगत कारणहरु पनि छन् । संस्थागत कारणमा महिला कर्मचारीहरुलाई नेतृत्वदायी भूमिकामा विश्वास नै नगर्ने, समयनुसार संस्थागत संरचना परिमार्जन गरी महिला कर्मचारीहरुलाई नेतृत्वदायी भूमिकामा प्रोत्साहन गर्ने परिपाटी कम रहेको छ भने कर्मचारीगत कारणमा समय व्यवस्थापन, संस्थागत आवश्यकता अनुसार सरुवा, पेशाको प्रकृतिको बारेमा परिवारको तर्फबाट कम सहयोग, व्यवसायिक प्रतिस्पर्धात्मक बजारका च्यालेञ्जलाई स्वीकार गर्न सक्ने क्षमता कम हुनुले पनि महिलाहरुको सहभागिता नेतृत्वदायी भूमिकामा न्यून रहेको छ ।

तसर्थ, बैंकिङ्ग क्षेत्रमा स्थापित हुन चाहने युवतीहरुलाई म सुझाव दिन चाहन्छु...सपना देख्न नडराउनुहोस् । नेतृत्वको आकांक्षा राख्न नहिचकिचाउनुहोस् । महिला हुनु कमजोरी होइन, यो त शक्ति हो । सम्भावनाहरु पहिचान गर्ने, आत्मबल बढाउने, निरन्तर सीप विकासमा लागिरहनु पर्दछ । बाहिरी चुनौतीहरु आउछन्, चुनौतीलाई अवसरको रुपमा लिनुपर्दछ । प्रतिस्पर्धा स्वभाविक हो, आफूलाई अरुसंग तुलना होइन, हिजोको आफ्नै आत्मासंग तुलना गर्दै आज के राम्रो गर्ने, सुधार गर्दै जानुहोस् । काम गर्दा ज्ञान, सीप र आत्मबल यी तिन पक्षलाई आफ्नो मन्त्र बनाउनुहोस् । सधैं आफैसंग संकल्प गर्नुहोस् म महिला भएर होइन, योग्य भएर नेतृत्व गर्छु ।



मलिना श्रेष्ठ
प्रमुख रुपान्तरण अधिकृत - काठमाडौं

मलिना श्रेष्ठ एक अनुभवी बैंकर हुनुहुन्छ जसले २० वर्षभन्दा बढी समयदेखि नेपालको बैंकिङ्ग क्षेत्रमा योगदान पुऱ्याउँदै आउनु भएको छ। हाल मुक्तिनाथ विकास बैंक लिमिटेडको काठमाडौं नागार्जुन क्षेत्रको प्रमुख रुपान्तरण अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ। यसअघि, उहाँले मुक्तिनाथ विकास बैंकको कमलादी शाखामा ३.५ वर्ष शाखा प्रमुखको रूपमा काम गर्नुभयो, जहाँ उहाँले व्यवसाय वृद्धिमा उल्लेखनीय योगदान गर्नुभयो। आफ्नो प्रारम्भिक करियरमा बैंक अफ काठमाडौं, स्ट्यान्डर्ड चार्टर्ड बैंकजस्ता प्रतिष्ठित संस्थाहरूमा उहाँले मार्केटिङ र क्रेडिट विभागहरूमा काम गर्नुभयो, जसले ग्राहक सम्बन्ध र व्यवसाय विकासमा बलियो आधार प्रदान गऱ्यो। त्यस्तै NIC ASIA र सिभिल बैंक लिमिटेडमा ५.५ वर्ष शाखा प्रमुखको रूपमा कार्यरत रहँदा उहाँले नेतृत्व, जोखिम व्यवस्थापन, र ग्राहक सम्बन्धमा गहिरो विशेषज्ञता हासिल गर्नुभयो।

१. तपाईलाई बैंकिङ्ग क्षेत्रमा प्रवेश गर्न केले प्रेरित गऱ्यो?

मलाई बैंकिङ्ग क्षेत्रमा प्रवेश गर्न नेपालको आर्थिक विकासमा योगदान दिने र उपेक्षित समुदायलाई सशक्त बनाउने इच्छाले प्रेरित गऱ्यो। यसले एक स्थिर तथा भावनाशील करियर निर्माण गर्ने चाहना थियो। करिब २० वर्षअघि नेपालको बैंकिङ्ग तीव्र गतिमा परिवर्तन भइरहेको बेला मैले सिक्ने, बढ्ने र केही फरक गर्न सक्ने मौका देखें। सन् २००५ मा एक वाणिज्य बैंकमा कनिष्ठ अधिकृतको रूपमा प्रवेश गर्दा, मैले बैंकिङ्गलाई यही तहलाई सशक्त बनाउने र आर्थिक खाडलहरु पुरा गर्ने शक्तिशाली माध्यमको रूपमा देखें। वित्तीय समावेशीकरण मार्फत मानिसहरूको जीवनमा ठोस फरक पार्ने अवसरले मेरो उत्साह जागृत गऱ्यो र मेरो २० वर्षको यात्राको आधार तयार गऱ्यो।

२. तपाई कसरी पुरुष-प्रधान स्थानहरूमा नेतृत्व गर्नुहुन्छ?

पुरुषहरु बढी संलग्न रहेका स्थानमा नेतृत्व गर्न आत्मविश्वास, स्पष्ट उद्देश्य र निरन्तर कार्य क्षमताको आवश्यकता पर्छ। मैले सधैं आफ्नो कामबाट आफूलाई प्रमाणित गर्ने विश्वास गरेकी छु। वर्षौंको यात्रामा मैले विश्वास निर्माण, सहकार्यको वातावरण सृजना र नतिजा देखाउनमा ध्यान दिएकी छु। नेतृत्व लिङ्गले होइन, दृष्टिकोण, इमानदारीता र प्रेरणा दिने क्षमताको कुरा हो। मैले खुला संवादलाई प्रोत्साहन गर्छु, टिमलाई मार्गदर्शन गर्छु र समावेशी वातावरण बनाउँछु जहाँ सबैको आवाज सुनिने अवसर हुन्छ।

३. तपाईलाई कुन उपलब्धिमा गर्व लाग्छ?

पछिल्ला २० वर्षदेखि नेपालको बैंकिङ्गमा मेरो करियर एक अविस्मरणीय यात्रा भएको छ, जसमा वृद्धि, चुनौती र अपार सन्तुष्टि समावेश छन्। म मुक्तिनाथ विकास बैंकको काठमाडौंको मुख्यालयमा नियुक्त हुनु मेरो लागि सबैभन्दा गर्वको उपलब्धि हो। यसले मेरो अनुभव मात्र होइन, मेरो निरन्तर प्रयास, धैर्यता र संस्थाप्रतिको प्रतिबद्धतालाई पनि सम्मान गऱ्यो। काठमाडौं जस्तो चलायमान क्षेत्रको नेतृत्व गर्नु चुनौतीपूर्ण पनि हो, अवसरयुक्त पनि।

४. तपाईले व्यक्तिगत जीवन र व्यावसायिक जीवन कसरी सन्तुलन गर्नुहुन्छ?

व्यक्तिगत जीवन र नेतृत्व भूमिकाबीच सन्तुलन कायम गर्नु सजिलो त छैन, तर अनुशासन र सहयोगको माध्यमबाट सम्भव छ। मैले समय व्यवस्थापन, आत्म-हेरचाह र परिवारसँगको समन्वयलाई प्राथमिकता दिएकी छु। म जहाँ छु, त्यहाँ पूर्ण रूपमा उपस्थित हुने प्रयास गर्छु–घरमा वा अफिसमा। सबैभन्दा महत्वपूर्ण कुरा, आवश्यक परेमा सहयोग माग्न र अरुलाई आवश्यक पर्दा साथ दिन मैले सकेकी छु। कार्यस्थलमा जिम्मेवारी बाँडफाँड गर्नु र असल टिम संस्कृतिको निर्माण गर्नुले पनि यो सन्तुलन कायम गर्न मद्दत गर्छ।

५. यो उद्योगमा आकांक्षी युवतीहरूका लागि तपाईंको सल्लाह?

बैंकिङ्ग उद्योगमा आकांक्षी युवतीहरुलाई म भन्छु चुनौतीहरुलाई अँगाल्न नहिचकिचाउनुहोस्, जिज्ञासु रहनुहोस् र आफ्नो समुदायको सेवा गर्न तत्पर रहनुहोस्। बैंकिङ्ग केवल संख्याको कुरा होइन, यो विश्वास निर्माण र जीवन परिवर्तन गर्ने विषय हो। नेपालको बैंकिङ्ग क्षेत्र गतिशील र विकसित हुँदैछ, जसले नवप्रवर्तन गर्न र उद्देश्यपूर्ण नेतृत्व गर्न इच्छुकहरुलाई अनेक अवसरहरु प्रदान गर्छ। सबैभन्दा महत्वपूर्ण कुरा, आफ्ना मूल्यहरुसँग सत्य रहनुहोस् र समुदायमा योगदान दिनुहोस् । बैंकिङ्ग जीवन परिवर्तन गर्ने अस्त्र हो, र तपाईंको विशेष दृष्टिकोणले ठूलो प्रभाव पार्न सक्छ। यसैले अझ धेरै महिलाको नेतृत्व आवश्यक छ, र यो हरेक महिलाले साहस र प्रतिबद्धताका साथ अघि बढेमा मात्र सम्भव हुन्छ। यात्रामा धैर्यता राख्नुहोस् र लक्ष्यमा दृढ रहनुहोस्।

मुक्तिनाथ विकास बैंक

MUKTINATH BIKAS BANK

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

अन्तर्राष्ट्रिय **Online Payment**
मुक्तिनाथ विकास बैंकको **E-Comm Card**
(Prepaid Dollar Card) मार्फत
सहजै गर्न सकिनेछ।

UPTO $ 500 PER YEAR

*शर्तहरू लागू हुनेछन्